# खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०८३।८४
चलानी नं.

मिति- २०८३/०६/२२

**सी.बि.आर. कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना !!!**

खैरहनी नगरपालिकाभित्र बसोवास गर्ने अपाङ्गता भएका व्यक्तिहरुका लागि बागमती प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान शीर्षक अन्तर्गत समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्न अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा कामगर्ने स्थानीय गैरसकारी एवम् समाजिक संघ संस्थाहरुबाट तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सी.बि.आर. कार्यक्रम संचालन कार्यविधि-२०८० बमोजिम कार्य संचालन गर्नका लागि प्रस्ताव आह्वान गरिएको छ। साथै सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र देहायका उल्लेखित कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**कार्यक्रम सञ्चालन सम्बन्धी शर्तहरु**

- सी.बि.आर. कार्यक्रम संचालन कार्यविधि-२०८०, बमोजिम सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसर तथा पहूँच सम्बधी कृयाकलाप, शिक्षा, स्वास्थ्य, सीप विकास तथा व्यवसाय प्रर्वद्धन कार्यक्रम, सहायता सामग्री वितरण, शैक्षिक सामग्री वितरण लगायतका विभिन्न कार्यक्रमहरु गर्नुपर्ने छ।
- खैरहनी नगरपालिका वडा नं १ देखि १३ वडाभित्र केन्द्रित भई कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना,
२. संस्था दर्ता र नवीकरण प्रमाणपत्र प्रतिलिपि,
३. अपाङ्गताको क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको कार्यानुभव खुल्ने कागजात,
४. अन्तिम लेखापरीक्षण प्रतिवेदन,
५. समाज कल्याण परिषद्को आवद्धता प्रमाणपत्र प्रतिलिपि,
६. संस्थाको विधानको प्रतिलिपि,
७. संस्था अपाङ्गता भएका व्यक्तिहरुद्धारा सञ्चालित हुनुपर्ने छ साथै स्थानीय तहमा सूचीकृत भएको हुनुपर्ने छ।

सुशीला अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner